सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

वर्ष २३ अंक २५३, २०८० साल पुस १६ गते सोमबार (Jan - 1 2024) नेपाल सम्वत ११४३ पृष्ठ ४ मूल्य रु. ०५।-

## समाजिक सदभाव र सामाजिक पन हराउदै

● प्रभात समाचार

सिन्धुली,१५पुस/जिल्लामा पछिल्लो समय सामाजिक सदभाव र सामाजिक पन हराउन थालेको छ। सामाजिक अराजकताका घटना बृद्धि हुँदै गईरहेको छ स्वभाविक रुपमा त्यसको प्रभाव पछिल्लो समय सिन्धुलीमा पनि देखिदै गईरहेको छ।

राजधानी काठमाण्डौलाई जोड्ने ट्रान्जीट जिल्लाको रुपमा रहेको सिन्धुली पछिल्लो समय सुरक्षाका हिसाबले निक्कै चुनौतीपूर्ण बन्दै गईरहेको छ। पछिल्लो समय संगठित अपराधका घटनामा नियन्त्रण आएपनि सामाजिक अपराधका घटनाहरु भने बढ्दै गईरहेका छन।



तीन राजमार्गको सडक सुरक्षा, लागुऔषध ओसारपसार नियन्त्रण, अवैद्य सामाग्रीहरुको ओसारपसार नियन्त्रण सँगै सामाजिक अपराधका घटनाहरुको नियन्त्रण जिल्लाको प्रहरी प्रशासनको लागी चुनौतीको बिषय बनिरहेको छ। पछिल्लो समय सिन्धुलीमा सामाजिक अराजकताका घटनामा पनि ब्यापक बृद्धि हुँदै गईरहेको देखिएको छ। अराजकताको स्थित नियन्त्रण भन्दा बाहिर पुगिसकेको अवस्था छ।

पछिल्लो साता मात्र सुनकोशी गाउँपालिका-३ मा भएको सवारी दुर्घटना पछि यात्रुवाहक बसमा आगजनि भएको घटना होस वा आर्थिक लेनदेनको बिषयलाई लिएर कमलामाई नगरपालिका-४ की एक महिला माथि भएको अमानवीय कुटपिको घटना हुन। यी दुई घटनाले समाज कति सम्म अराजक बनिरहेको छ भन्ने प्रस्ट देखिएको छ। समाजमा उश्रृङखल तत्वले कति सम्म राज्यलाई हेपिरहरेको छ भन्ने प्रस्ट देख्न सकिन्छ।

त्यति मात्र होइन जिल्लाकै प्रशिद्ध शिद्धबाबा मन्दिर परिषरमा निर्माण गरिएको लाईट बोर्ड तोडफोडको घटना होस अथवा अन्य सामाजिक अपराधका घटना हुन। यस्ता घटनाहरुले समाज कुन बाटो तर्फ अगाडि बढिरहेको छ भन्ने संकेत गरिरहेको छ। जिल्लामा अर्धन्यायीक निकायको रुपमा रहेको स्थानीय सरकारको न्यायीक समितिमा दर्ता भएका मुद्धाहरुको अवस्था, जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको मुद्धाहरुको संख्या र जिल्ला अदालतमा दर्ता भईरहेका मुद्धाहरुको संख्या हेर्दा पनि जिल्लामा सामाजिक अपराध र अराजकताका घटना ब्यापक बृद्धि हुँदै गईरहेको देखाउछ।


किन यस्ता घटनाहरु दिनानुदिन बढ्दै गईरहेका छन भन्ने सन्दर्भमा नेपाल पत्रकार महासंघ सिन्धुली शाखाका अध्यक्ष कृष्णहरि घिमिरे भन्छन, 'लोकतन्त्रले नागरिकहरुलाई नयाँ केहि दिन सकेन झन निरास बनाउँदै लग्यो, त्यसैको परिणाम आज अदृश्य शक्तिले खेल्ने मौका पायो र सामाजिक अराजकताको सिर्जना गर्दै लग्यो।' राज्य नागरिक प्रति जिम्मेवार नबन्दाको परिणाम आजको अवस्था रहेको घिमिरेले विश्लेषण रहेको छ।

त्यस्तै समाजमा बढ्दै गईरहेको सामाजिक, आर्थिक, सास्कृतिक अराजकताको अन्त्यको लागी सबैपक्ष सचेत भएर यस्को नियन्त्रणमा लाग्न जरुरी रहेको प्रमुख जिल्ला अधिकारी भरत खनाल बताउछन।

## झोलुङ्गे पुल शिलान्यासमा दलित पुरोहित

● प्रभात समाचार

सिन्धुली,१५पुस/मरिण गाउँपालिका वडा नं. २ को मुङ्गेखोलामा सिथौली र छतिवन जोड्ने झोलुङ्गे पुलको शिलान्यास कार्यक्रममा दलित पुजारी पढाएर शिलान्यास गरिएको छ।



मरिण गाउँपालिका अध्यक्ष विमर्श मुक्तान(प्रख्यात)ले शिलान्यास गरेसँगै छतिवन झोलुङ्गे पुल निर्माण कार्य सुरु भएको हो। स्थानिय दलित अगुवा पुजारी चन्द्र बहादुर विकले पुजापाठ गरेर झोलुङ्गे पुलको शिलान्यास गरिएको मरिण गाउँपालिका अध्यक्ष विमर्श मुक्तानले बताए।

विगतमा तामाङ, बाहुन क्षेत्री समुदायका पुजारीलाई पुजापाठ गर्न लगाएर शिलान्यास गर्ने गरिएको थियो। जातिय छुवाछुत अन्त्यका लागि साना साना कुरामा सुधार गर्नुपर्ने भन्दै दलित समुदायका पुजारीबाट पुजापाठ गरेर झोलुङ्गे पुल शिलान्यास गरिएको अध्यक्ष मुक्तानको भनाई छ।

कुल ४८ लाख ४८ हजार ४१ रुपैयाँ लागतमा झोलुङ्गे पुल निर्माण सुरु भएको गाउँपालिकाले जनाएको छ। जसमध्ये गाउँपालिकाको ६ लाख ४३ हजार ३७५, संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको ४२ लाख ६ हजार ६८५ र समुदायको श्रमदान ९८ हजार ९८० रुपैयाँ लागत रहेको छ।

## विद्युतीय सवारीसाधनको आयात वृद्धि

● प्रभात समाचार

काठमाडौँ १५ पुस / सरकारले विद्युतीय सवारीसाधनमा ६० प्रतिशतसम्म भन्सार छुट दिएपछि आयात वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनामा तीन हजार ६७५ वटा विद्युतीय सवारी कार, भ्यान र जिप आयात भएका छन्।

भन्सार विभागको पछिल्लो तथ्याङ्क अनुसार ५० किलोवाटसम्मका पाँच खर्ब ८१ करोड २३ लाख ९२ हजार रुपियाँबराबरका दुई हजार २८ वटा ती सवारीसाधन आयात भएका छन्। ५२ वटा ५१ देखि एक सय किलोवाटसम्मका करिब २६ करोड २६ लाख ४२ लाख रुपियाँबराबरका विद्युतीय गाडी आयात भएका छन्।

सोही अवधिमा सात करोड ७० लाख तीन हजार रुपियाँबराबरका ११ वटा २०१ देखि तीन सय किलोवाटसम्मका विद्युतीय सवारीसाधन आयात भएको विभागका सूचना अधिकारी पुण्यविक्रम खड्काले जानकारी दिए।

११ देखि १४ सिट क्षमताका १३४ वटा विद्युतीय माइक्रोबस आयात भएको छ। उक्त माइक्रोबस आयातबापत ४१ करोड ४४ लाख रुपियाँ बाहिरिएको छ। १५ देखि २५ सिट क्षमताका ५६ वटा मिनिबस आयातमा १८ करोड ७६ लाख रुपियाँ बाहिरिएको छ।

यसै गरी ३७ करोड ८१ लाख रुपियाँबराबरको १६६ वटा जिप, कार र भ्यानसमेत आयात भएको तथ्याङ्क छ। योसँगै चालु आवको पहिलो पाँच महिनामा विद्युतीय गाडी आयातमा कुल नौ अर्ब दुई करोड ९४ लाख ३३ हजार रुपियाँ बाहिरिएको छ।

सरकारले ५० किलोवाटभन्दा माथि क्षमताको सार्वजनिक यातायातमा एक प्रतिशत भन्सार, १३ प्रतिशत मूल्य अभिवृद्धि कर र पाँच प्रतिशत सडक कर असुल्ने गरेको छ। ११ देखि १४ सिटका साना गाडीमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर, १० प्रतिशत भन्सार र सात प्रतिशत सडक कर लिने गरिएको छ। निजी गाडीको आयात बढे पनि सार्वजनिक विद्युतीय गाडीको आयात बढ्न नसकेको विभागले जनाएको छ।

## ५ रेक्टरस्केलको भूकम्प

● प्रभात समाचार

काठमाडौं, १५ पुस /सिन्धुपाल्चोक केन्द्रविन्दु भएर केहीबेर अघि भूकम्प गएको छ।

राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार आइतबार राति १० बजेर २१ मिनेटमा सिन्धुपाल्चोक केन्द्रविन्दु भएर ५ रेक्टरस्केलको भूकम्प गएको हो।

भूकम्पले गरेको क्षतिबारे अझै विवरण नआएको बताइएको छ। राष्ट्रिय भूकम्प मापन केन्द्रका भूकम्पविद् डा. लोकविजय अधिकारीका अनुसार यो गोरखा बारपाक केन्द्रविन्दु भएर २०७२ सालमा गएको भूकम्पको पराकम्पन हो। सिन्धुपाल्चोकको लासिकोटमा गएको




पराकम्पन काठमाडौँमा पनि महसुस भएको उनको भनाइ छ। पराकम्पन छोटो समय आएकाले यसले खासै ठूलो असर भने नगरेको उनले बताए।

## च्याउकोटबाट चियाउँदा




## सुरक्षा गार्ड तालिम सम्बन्धि सूचना

व्यवसायीक तथा सीप विकास तालिम केन्द्र बागमती प्रदेश हेटौडाको वित्तिय सहयोगमा आ.व. २०८०/०८१ को बार्षिक कार्यक्रम अनुसार वावा सेक्युरिटी एण्ड वर्कस कम्पनी प्रा.लिद्वारा सञ्चालित सुरक्षा गार्ड तालिम ( १६० कार्य घण्टा) यहि २०८० पुस १७ गतेदेखि सिन्धुली जिल्लामा सञ्चालन हुन लागेको हुँदा इच्छुक देहायअनुसारका योग्यता पुगेका युवा, युवतीहरुले यहि २०८० पौष १५ गतेभित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. **शैक्षिक योग्यता** : ८ कक्षा पास

२. १८ वर्ष पुरा भएको र ४० वर्ष ननाघेको

३. सुरक्षा गार्डमा हुनुपर्ने शारीरिक मापदण्ड पुरा भएको

४. **संलग्न हुनुपर्ने कागजातहरु** :

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ग) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति

५. **आवेदन पेश गर्ने स्थान** : आरसी इन्टरप्राइजेज स्टलबजार सिन्धुली उद्योग वाणिज्य संघ सिन्धुलीको भवनको अगाडि पुरानो चण्डेश्वरी होटल रहेको घर (सम्पर्क : रामचन्द्र कार्की फोन नं. : ९८४४०८६३४९)

६. **आवेदन पेश गर्ने अन्तिम मिति** : २०८०/९/१५

७. **अन्तर्वार्ता मिति** : २०८०/९/१६

८. **तालिम सञ्चालन हुने स्थान** : कमलामाई नगरपालिका-६, सिन्धुली

**नोट : तालिमका लागि कमलामाई नगरपालिका वडा नं. ६ का वडाअध्यक्ष र वडा सचिवसँग पनि सम्पर्क गर्न सकिने छ।**

प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### निशुल्क औषधी खै ?

नेपाल सरकारले सामान्य तथा ९१ प्रकारका औषधीहरु निशुल्क वितरण नर्दै आएको छ। जिल्लामा औषधी मात्र नभएर दरवन्दी अनुसारका स्वास्थ्यकर्मी समेत छैनन। स्वास्थ्यसंस्थामा विरामी भएर गएका सर्वसाधरणहरु स्वास्थ्य संस्थामात्र हेरेर फर्कन बाध्य छन। सिन्धुली जिल्लाको स्वास्थ्यसंस्थाको धरोहरको रुपमा रहेको सिन्धुली अस्पतालमा समेत निशुल्क औषधी र स्वास्थ्यकर्मी समेत अभाव हुनु भनेको जिल्लाबासीको स्वास्थ्यमाथि खेलवाड हुनु हो।

औषधि नहुँदा सिटामोल समेत किनेर खानुस् भनेर पठाउनुपर्ने बाध्यता जिल्लाबासीको रहेको छ। सिटामोल , आइरन चक्की नहुँदा गर्भवतीले सेवन गर्न पाएका छैनन। यसरी मानव स्वास्थ्यमाथी खेलवाड कहाँ र कुन निकायबाट भई रहेको छ। राज्यले यसको खोजविन गर्नु आवश्यक छ।

सरकारले निःशुल्करूपमा बिरामीलाई वितरण गर्न निर्देशन दिएका औषधि पेटको दुखाइ कम गर्ने बुस्कोपान, ग्यास्ट्रिकको औषधि डाइजिन, बान्ता रोक्ने प्रोमिथाजिन, आँखाको समस्या भएका बिरामीलाई लगाउने मलम सिप्रोलगायत सामान्य प्रकारका कुनै पनि औषधि स्वास्थ्य संस्थामा लामो समयदेखि नभएको स्वास्थ्यकर्मीको भनाइ छ। यसरी मानव जीवन सँग प्रत्यक्ष जोडिएको स्वास्थ्यसंस्थामा र औषधी माथि खेलवाड गर्ने व्यक्ति र निकायलाई राज्यले तत्काल कारवाही नगरे भोलिका दिनमा यसले विकराल रुप पनि लिन सक्छ।

**शिद्धबाबा दाना चल्ला सप्लायर्स**
कनपा:-६, कृषि उपज बजार, सिन्धुली

यहाँ ब्रोईलर्स, लियर्स, गिरिराज,हास,बटाई, कडकनाथ, टर्की, लौकाट तथा लोकल कुखुराका चल्ला पाउनुका साथै कुखुरा, गाई, भैसी, बंगुर, बाख्रा, माछाका दाना पाईन्छ।

**यहाँ पशु पालनका लागी आबश्यक पर्ने सम्पूर्ण समाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलब्ध छ।**





सम्पर्क
९८४४०४१०९०, ९८४४०४५४००, ०४७-५२०६१२

# श्रमिक बेच्ने देश र अस्तित्वको संकट

नेपालको अर्थतन्त्र निश्चित जात, वर्ग, घराना र तिनीहरूका अपारदर्शी र अनैतिक स्वार्थको वरिपरि घुमेको छ। आयात–निर्यातका ठूला धन्दा गर्ने, बैंक चलाउने, शेयर बजार आफ्नो स्वार्थ अनुसार म्यानुपुलेट गर्ने, करका दर तोक्न चलखेल गर्ने एउटा सीमित नेक्सस नेपालको अर्थतन्त्रमा हावी छ जसले दलका नेतासँगको मिलेमतोमा आर्थिक सुधारका सम्भावनालाई पर धकेल्न सकेसम्म प्रयास गरिरहन्छ।



सञ्जीव पोखरेल

धनी देशहरूका लागि सस्ता र अल्पकालीन श्रमिक खरिद गर्ने बजारका रूपमा नेपालको परिचय झन्–झन् गाढा हुँदैछ। श्रमिक आपूर्ति र विप्रेषणमा आधारित अर्थतन्त्रको चक्रमा फसेको नेपाल आज झन् शिथिल र दयनीय अवस्थामा छ। यस समस्यालाई अर्थशास्त्रीय, समाजशास्त्रीय वा मनोवैज्ञानिक दृष्टिकोणले केलाउन र यसको समाधानको उपाय खोज्नमा प्रशस्त अध्ययनको आवश्यकता छ।

श्रमिक आपूर्ति गर्ने नेपालको 'गौरवशाली' इतिहास दुई शताब्दीभन्दा लामो हो। यो अवस्थाले आज भयावह रूप धारण गर्नमा भने केही 'फ्याक्टर'ले काम गरेका छन्।

पहिलो फ्याक्टर हो- नेपालले सुधार्न नसकेको शिक्षा क्षेत्र जसले यस देशको मानव क्षमतालाई तहसनहस बनाएको छ। नेपालका विद्यालय र विश्वविद्यालयको पठन-पाठन र गुणस्तर यति दयनीय छ कि यहाँबाट दीक्षितहरूमा अपवादबाहेक अहिलेको विश्व परिवेशलाई बुझ्ने र त्यसका चुनौती सामना गर्ने क्षमता छैन। सरकारी शिक्षण संस्थाबाट प्रदान गरिने शिक्षाको अवस्था त खराब छँदैछ, नेपालका निजी विद्यालय र विश्वविद्यालय पनि गुणस्तरको मामिलामा समग्रमा दयनीय अवस्थामै छन्।

नेपालको शिक्षा क्षेत्र कतिसम्म समस्याग्रस्त छ भनेर बुझ्न कक्षा १० अघि र पछि हुने स्कुल ड्रपआउटको प्रतिशत गणना गर्न सकिन्छ। उच्चमाध्यमिक र विश्वविद्यालय तह पूरा गर्ने विद्यार्थीले हासिल गर्ने शिक्षाको गुणस्तर निरन्तर वृद्धि हुनुपर्नेमा निरन्तर खस्केको छ। यसको प्रतिविम्ब नेपालको सार्वजनिक वृत्तमा हुने बहस, वादविवादमा आजभोलि प्रष्ट देख्न सकिन्छ।

व्यावसायिक शिक्षा पनि उस्तै दयनीय अवस्थामा छ। नेपालमा यो कति कमजोर छ भनेर बुझ्न राज्यले चलाएको सीटीईभीटीको दुरवस्थालाई हेरे मात्र पनि पुग्छ।

उपयुक्त शिक्षा र दक्षताको अभावमा उद्यमशीलताको आशा गर्न सकिन्न। यस्तो अवस्थामा मानिसले रोज्ने उपाय दक्षता नचाहिने वा कम भए पनि पुग्ने खालका रोजगारीका अवसर नै हुन्। दशकौंदेखि चरम दलीयकरण, नातावाद, कृपावाद, सिफारिस संस्कृतिले तहसनहस पारेको शिक्षा क्षेत्रलाई आजको दुरवस्थाका लागि 'धन्यवाद' दिनैपर्ने हुन्छ।

शिक्षा क्षेत्र सुधारका नाममा राज्यको स्रोत र रकम ऋणबापत लिइएको रकमबाट अहिलेसम्म जेजस्ता कार्यक्रम सञ्चालित भए ती सबै असफल भएको स्वीकार गर्न र यस क्षेत्रलाई नयाँ ढङ्गले पुनर्संरचना गर्नमा ढिलो गर्न हुन्न।

नेपाल अदक्ष श्रमिक आपूर्ति केन्द्रमा परिणत हुने दोस्रो फ्याक्टर हो, यहाँको अर्थ-राजनीति। यस देशको अर्थतन्त्र निश्चित जात, वर्ग, घराना र तिनीहरूका अपारदर्शी र अनैतिक स्वार्थको वरिपरि घुमेको छ। आयात-निर्यातका ठूला धन्दा गर्ने, बैंक चलाउने, शेयर बजार आफ्नो स्वार्थ अनुसार म्यानुपुलेट गर्ने, करका दर तोक्न चलखेल गर्ने एउटा सीमित नेक्सस नेपालको अर्थतन्त्रमा हावी छ जसले दलका नेतासँगको मिलेमतोमा आर्थिक सुधारका सम्भावनालाई पर धकेल्न सकेसम्म प्रयास गरिरहन्छ।

नेपाली समाजमा जेजस्तो जातीय उँचनीच र असमावेशिताले घर बनाएको छ, त्यसको प्रभाव भनौं वा प्रतिविम्ब अर्थतन्त्रमा पनि उत्तिकै गाढा छ।

सीमित व्यक्ति र समूहको कब्जामा रहेको नेपालको अर्थतन्त्र सकेसम्म अरूलाई ठग्ने र लाभका अवसरबाट अरूलाई बाहिर राख्ने मानसिकताको जगमा उभिएको छ। ठूला व्यापारी र व्यवसायीले संरक्षण गरेको यो मानसिकताको प्रभाव प्रायः सबै क्षेत्र र तहमा छ।

राज्यको नीतिगत कमजोरीका कारण सेवा र वस्तु उत्पादन गर्ने व्यापार व्यवसायमा लगानी कम छ। व्यापार व्यवसायको ठूलो हिस्सा अरू देशका सामान ल्याएर बेच्ने र त्यस्ता सामानको तस्करी गर्ने प्रकृतिका गतिविधिले ओगटेका छन्। यस्ता व्यवसायले रोजगारी सिर्जना गर्दैनन् भन्ने सबैलाई थाहा छ तर, यसको पर्वाह राज्यलाई छैन किनकि राज्य चलाउने कर्मचारी र नेतालाई यस्तै अपारदर्शी व्यवसायबाट प्रत्यक्ष फाइदा छ।

वस्तु र सेवा उत्पादन गर्ने जेजस्ता उद्यमशीलता छन् तिनमा पनि पारदर्शिता र व्यावसायिकताको चरम अभाव छ।

यसको एउटा उदाहरणका लागि काठमाडौंको ट्याक्सी सेवालाई हेरौं। यो सम्भवतः दक्षिणएसियामा सबैभन्दा महँगो भइकन पनि यहाँ चल्ने ट्याक्सी सबैभन्दा कम सुविधायुक्त र बढी थोत्रा छन्। एपमा आधारित ट्याक्सी सेवा दिने चालकले समेत खुल्लमखुला ग्राहकसँग तोकिएको भन्दा बढी पैसा लिन मोलमोलाइ गर्छन्, गत कात्तिक महिनामा पठाओ प्रयोग गर्दाको यो मेरो आफ्नै अनुभव हो।

ट्याक्सी सेवा एउटा उदाहरण मात्र हो। खुद्रा सामान बेच्ने सुपरमार्केट, रेस्टुरेन्ट, रियलस्टेट, सबै क्षेत्रमा व्यावसायिक संस्कृतिको चरम अभाव छ। यस्तो अपारदर्शी र अव्यावसायिक अभ्यासले न यथेष्ट रोजगारी सिर्जना गर्न सक्छ न त श्रमिकलाई सुरक्षा दिन।

साना तथा मध्यमस्तरका सेवामूलक र उत्पादनशील व्यापार व्यवसायहरू अर्थतन्त्रका मेरुदण्ड र रोजगारीका स्रोत हुन्। यस्ता व्यापार व्यवसायको प्रवर्धन गर्न र तिनीहरूलाई व्यवस्थित बनाउन नीतिगत सुधारको आवश्यकता पर्छ जुन नेपालको अर्थ-राजनीतिको केन्द्रमा बस्नेहरूको प्राथमिकतासँग मेल खाँदैन। नेपालको राज्यव्यवस्थामा ठूला व्यापारी नै प्राथमिकतामा छन् जसको मुख्य धन्धा भनेको अरू देशमा बनेका सामान नेपालमा ल्याएर बेच्ने र कर ठगीका आधारमा अकुत सम्पत्ति जम्मा गर्ने हो।

रोजगारीको सिर्जना हुन नदिने अर्को महत्त्वपूर्ण फ्याक्टर श्रमशक्तिको व्यवस्थापन र श्रमिकको सुरक्षामा राज्यको बेवास्ता हो।

विद्यमान श्रमशक्तिको पहिचान, आवश्यक दक्षताको प्राथमिकीकरण, विभिन्न क्षेत्रमा श्रमिक परिचालनको अवस्था र रोजगारी प्रवर्धनका लागि आवश्यक नीतिगत र व्यावहारिक सक्रियता राज्यले देखाउनुपर्ने हो।

उदाहरणका लागि हाल नेपालमा सञ्चालित पूर्वाधारका योजनामा देशमा विद्यमान श्रमशक्ति परिचालनको अवस्था के छ ? भन्ने तथ्याङ्कसम्म पनि सरकारसँग छैन। विकास निर्माण वा वस्तु तथा सेवा उत्पादनका क्षेत्रमा अन्य देशका श्रमिकले रोजगारी पाइरहँदा राज्य भने आफ्ना नागरिकलाई वैदेशिक रोजगारीमा पठाउन सहजीकरण गरिरहेको छ।

श्रम र श्रमिकको भूमिकालाई हेर्ने-बुझ्ने कुरामा पनि प्रशस्त समस्या छ। नेपालका ठूला व्यापारी र उद्योगीले श्रमिकको शोषण र अपमानलाई स्थापित र सर्वस्वीकार्य बनाएका छन्। श्रमिकलाई समस्याका रूपमा बुझ्ने मानसिकता हावी छ। नेपालमा उद्योगधन्दाको विकास र देशको आर्थिक प्रगति हुन नसकेको श्रमिकले गर्ने अवरोधका कारणले हो भन्ने भाष्य स्थापित गरिएको छ जसलाई नीतिनिर्माता, अर्थशास्त्री र जान्नेसुन्नेले अनक्रिटिकली स्वीकार गरिदिएका छन्।

श्रमको सम्मान नगर्ने, श्रमिकलाई आधारभूत सुरक्षा नदिने तर अर्थतन्त्र बलियो भएन भनेर गुनासो गरिरहने नेपालको सम्भ्रान्त वर्गको कहिल्यै नसुध्रेको प्रवृत्ति हो। यही प्रवृत्ति हावी हुनाले श्रमिकले भोगिरहेको असुरक्षा अन्त्य गर्ने र उनीहरूको भूमिका सबल बनाउने नीतिगत प्रयास भएको छैन।

सामाजिक सुरक्षा कार्यक्रम नाम मात्रको छ। यसले दलका नेतालाई भाषण गर्ने बहाना त दिएको छ तर श्रमिकलाई आवश्यक स्वास्थ्य सेवा, रोजगारीको निरन्तरता र आर्थिक सुरक्षा दिन सकेको छैन।

कम्युनिस्टहरूको हालीमुहाली भएको देशमा श्रम र श्रमिकहरू अर्थव्यवस्थामा सबैभन्दा कम महत्त्वपूर्ण मानिएका मात्र छैनन्, आर्थिक विकासको अवरोधका रूपमा पनि चित्रित भएका छन्। श्रमिक भएर बाँच्नै गाह्रो हुने देशबाट मानिसहरू श्रम बेच्न विदेशिन बाध्य हुने नै भए।

मलाई लाग्छ ***बाँकी ३ पेजमा ...***



# कथा : असावधानी

योगेन्द्र तिमिल्सिना

पसल बाहिर निस्केर चोर, चोर भन्दै उनी चिच्याउन लागिन् । उसले बाटो काटिसकेको थियो । दुई, चार मानिस भेला भए, तर गर्न सकिने कुरा केही थिएन ।

नाउँ कलावती भए पनि उनको शरीरको संरचना भद्दा र अनाकर्षक थियो । केही मोटो र पुड्को शरीर, कल्सौँदो बाक्लो अनुहार । उनको पहिरन चौबन्दी चोलो र मोटो रातो फरिया अनि बाक्लो खास्टो पछाडिबाट घुमाएर दाहिनेपट्टि छातीमा झारेको । कानमा सुनका सादा मुन्द्रा, एक चुल्ठे कपाल, गोडामा हात्ती छाप चप्पल र नाडीमा राता चुरा । नाकमा सुनको सादा, गोलो फुली । सडक छेउमा उनको एउटा निजी पसल थियो । त्यस पसलबाट होलसेल र खुद्रा दुवै व्यापार चल्थ्यो ।

एक दिन ग्राहक नआएर आलस्य भई एक्लै पसलमा बसिरहेका बेला एकजना वैष्णव सम्प्रदायकी वृद्ध विधवा आमा कलावतीसँग गफिन आइन् र काउन्टरको बाहिरपट्टि ठिङ्ग उभिइन् । एकछिनको भलाकुसारी पछि ती आमाले कलावतीलाई सम्झाउँदै भनिन्, “तिम्रो घरबार भएन, अब तिमी शरणागत हुनु पर्छ । त्यसपछि तिमी भगवानकी हुन्छ्यौ, अनि लोभ र मोहबाट मुक्त हुन्छ्यौ ।”

शरणागत हुनु भनेको वैष्णव धर्मलाई अङ्गीकार गरी त्यसको आचरणमा रहनु भन्ने उनको आशय हो । कलावतीलाई ती आमाजीको कुरामा चित्त नबुझे पनि उनले तिनका कुरा चुप लागेर सुनिरहिन्, तिनका सुझावप्रति उनले कुनै प्रतिक्रिया जनाइनन् । उनको स्वभागसँग कलावती जानकार थिइन् । उनलाई लाग्यो, ती आमाजीसँग सवाल जवाफ गर्नु भनेको उनको नचाहिँदो तर्क सुन्नु र असहिष्णु भई वादविवाद बढाउनु मात्र हुन्थ्यो । कलावतीले आफ्नो करेसाबारीको रायोको साग टिपिन् र मुठो पारिन् ।

सागको मुठो ती आमालाई दिँदै भनिन्, “ल आमा यो साग बनाएर भगवानलाई भोग लाइदिनोस् है ।”

वैष्णवसँग बोल्दा पकाउनु होस्, खानु होस् जस्ता आम मानिसले बोल्ने भाषा बोल्नु वैष्णव संस्कार विरुद्ध हुन जान्छ भन्ने कुरा उनलाई थाहा थियो । उनले यो कुरा बुझेर वैष्णवको संस्कारयुक्त भाषा बोलेकी थिइन् ।

सागको मुठो पाएपछि ती वैष्णव आमा पसलबाट निस्किन् । वृद्धा र फुर्सदिला यस्ता महिलाहरू कलावतीसँग भेट्न पसलमा आउने गर्छन् । मानिसहरू आउँदा कहिलेकाहीँ उनलाई रमाइलो हुन्छ र गाहक नहुँदा समय पनि सजिलै कट्छ, तर कहिले चाहिँ उनलाई चित्त नबुझ्ने गफ गरी समय काट्न पनि कोही कोही आउने गर्छन् ।

कलावतीको पुर्ख्यौली घर नुवाकोटको खरानीटार हो । उनका बा, आमा छैनन् । दुई वर्षको अन्तरालमा केही वर्ष अघि दुवै जना यस संसारबाट बिदा भए । उनकी एकमात्र बहिनी विवाह भएको वर्षदिनभित्र भिसा लगाएर ज्वाइँसँग अमेरिका गई ।

चारभाइ दाजुहरू भिन्न भई आ-आफ्ना परिवारसँग काठमाडौँका विभिन्न ठाउँमा बस्छन् । उनको जेठो दाजु बालाजु र साहिँलो चाहिँ टोखामा बस्छन् । उनको निम्ति विवाहको प्रस्ताव लिएर कोही आएको उनलाई थाहा छैन, उनका बाबुले छोरीको लागि कतै प्रस्ताव लिएर गएको पनि उनलाई थाहा छैन । आफू बुझ्न सक्ने भएपछि उनले पनि विवाह गरी शृङ्गारिक जीवन जिउनुभन्दा सादा र कर्मशील सामान्य जीवन जिउनु नै उपयुक्त ठानिन् । उनलाई पैसा कमाउने र सञ्चित गर्ने लोभ भएता पनि विवाह गर्ने इच्छा भएन भनौँ । बा, आमाले पनि विवाहको निम्ति त्यस्तो केही कर गर्नु भएन । कान्छो भाइ, बुहारी र कलावती बाले संयुक्त रूपमा अंश दिएको घरमा काठमाडौँको गोङ्गबुमा बस्छन् ।


जम्मा चार कोठाको भुइँघर छ, बीचको गल्लीले दुई, दुई कोठा छुट्याएको छ । त्यो घर घडेरी कान्छो भाइ र कलावतीले आधा आधा अंश पाएका हुन् । कलावती र उनका भाइको लागि ससाना दुई कोठा भान्साको निम्ति र अरू एक, एक कोठा बेडरुमको निम्ति छुट्याइएको छ । कोठाहरू अलग अलग भाग लागेता पनि अहिलेसम्म भान्सा भने एकै ठाउँमा छ । उनीहरू सबै एउटै भान्सामा खान्छन् । भात भान्साका सबै काम भाइबुहारीले गर्छिन् । कान्छो भाइ एउटा जुत्ता कारखानाको अफिसमा काम गर्छ । भाइ बुहारीको दुई वर्ष पुग्न लागेको एउटा छोरो छ । चकचके छ, कलावतीको पसलमा गएर चकलेट मागेर हैरान पार्छ ।

कलावतीको कोठा सडकतर्फ फर्केको छ । त्यसमा उनले सटर राखेकी छिन्, सटरभित्र जिरा, मरिच, ल्वाङ, सुकुमेलदेखि दाल, तेल, सिगरेट सलाई, साबुन, सर्फ आदि घरायसी प्रयोगका सरसामान पसलमा राखेकी छिन् । यो उनको निजी पसल हो, यसको हरहिसाब कसैलाई देखाउनु पर्दैन । भित्र धेरै सरसामान अटाए पनि बाहिरबाट हेर्दा कोठा सानो देखिन्छ । कोठाको एकाछेउमा उनको सुत्ने खाट छ । दिउँसो अल्छी लागेको बखत उनी त्यही खाटमा पल्टिन्छिन् । राति सटर बन्द गरेपछि पछाडिपट्टिको झ्याल खोली उनी ढुक्कसँग निदाउँछिन् । भात भान्साको काम बुहारीले गरेपछि पसलको काम बाहेक अन्य नियमित काम उनको केही थिएन, उनलाई कमाउने धुन थियो, आफ्नै पसलको काममा दिनभर व्यस्त रहन्थिन् ।

भाइ-बुहारीको अर्को बच्चा पनि जन्मनेवाला छ ।

भाइलाई दिन दिनै घर साँघुरो हुने जस्तो लागेकोले एकदिन उसले कलावतीसँग भन्यो, “दिदी, घरको तला थपौँ, मलाई अब दिनदिनै एउटा कोठाले पुग्ला जस्तो छैन, बराबरी पैसा हालौँ र तला थपौँ, पसल चलाउन तपाईंलाई पनि सजिलो हुन्छ ।” कलावली बढी स्वार्थ केन्द्रित भएकीले भाइको प्रस्तावप्रति उनले कुनै सहानुभूति देखाइनन् । उनले भाइको यस प्रस्तावलाई ठाडै अस्वीकार गरिन् र भनिन्, “मलाई किन चाहियो कोठा, तँलाई चाहिन्छ भने थपे हुन्छ” । पानीको निम्ति साझा धारा थियो, त्यसमा एक घण्टा मात्र तुरतुरे पानी आउँथ्यो । त्यो पनि कहिले आउँथ्यो कहिले आउँदैनथ्यो । बुहारी छिमेकीसँग पानी मागेर दिदीको समेत सबैको लुगा धुन्थिन् । यसरी नियमित पानी मागेर लगेको छिमेकी पनि मन पराउँदैनथे । भाइले एक दिन दिदीलाई भने, “दिदी पैसा बराबर हालौँ, बोरिङ गरेर जमिनमुनिको पानी तानी पाइपबाट टङ्कीमा जम्मा गरी पानीको आवश्यकता पुरा गरौँ” । भाइले यस्तो प्रस्ताव राख्दा पनि उनले सहमति जनाइनन् । क्रमश . . .

# २५ वर्ष कटिसकेपछि आउने डन्डिफोर सामान्य होइन





प्राध्यापक डा. धर्मेन्द्र कर्ण

युवायुवतीहरूलाई धेरै सताउने समस्या भनेको डन्डिफोर हो । डन्डिफोरले अनुहारै कुरूप बनाइदिने हुँदा धेरैले तनाव लिने गरेको पनि पाइन्छ ।

डन्डिफोर मात्र नभएर कतिपयलाई चाया, पोतो, सुख्खा छाला, छाला चिलाउने, दुख्ने, पोल्ने, सेतो दाग देखिने समस्याहरू पनि हुन्छन् । यस्ता समस्याहरू देखिएमा सबै जना सजग हुन आवश्यक रहेको प्राध्यापक डा. धर्मेन्द्र कर्ण बताउँछन् । उमेरले आउने डन्डिफोर एकपटक आएर हराएर जान्छ तर आफैँ हराएन भने चिकित्सकको सल्लाह अनुसार डन्डिफोरको उपचार गर्नुपर्ने डा. कर्णको भनाई छ ।

डन्डिफोर हटाउने नाममा जथाभावी औषधि प्रयोग गर्न नहुने, हातले चलाउने, फुटाउने, कोट्याउनु वा जबरजस्ती निचोर्ने काम गर्न नहुने उनी बताउँछन् । यसले गर्दा अनुहार झन् कुरूप हुन पनि सक्ने उनको जिकिर छ । यसै सन्दर्भमा प्रस्तुत छ रातोपाटीका लागि प्राध्यापक डा. धर्मेन्द्र कर्णसँग गरिएको विशेष कुराकानी :

अनुहारमा डन्डिफोर किन र कसरी आउँछ?

१५ देखि २५ वर्षसम्ममा जब शरीरको वृद्धि विकास हुन्छ, त्यतिबेला हाम्रो शरीरमा विभिन्न किसिमको हर्मोनको मात्रा बढ्छ । जसले गर्दा शरीरमा जहाँ सबैभन्दा बढी चिल्लोपना बढाउने ग्रन्थि हुन्छ, त्यहाँ चिल्लोपना बढ्छ । यस्ता ग्रन्थिहरू हाम्रो अनुहार, ढाड र छातीमा पाइन्छ । त्यहाँ चिल्लो निकाल्दा निकाल्दै ग्रन्थिको मुख बन्द हुन्छ, त्यसपछि त्यहाँ खटिराको रूपमा देखापर्छ । जसलाई हामी ब्ल्याक हेड, ह्वाइट हेड भन्छौँ । त्यसलाई उपचार गरिएन भने ब्याक्टेरियाको इन्फेक्सन हुन्छ अनि रातो खटिरा देखापर्छ । त्यसलाई पनि उपचार गरिएन भने त्यो पिलोको रूपमा विकसित हुनसक्छ । यी सबै डन्डिफोरका चरण हुन् ।

महिलाहरूमा महिनावारी सुरु भएको उमेरदेखि लगभग २५ वर्षसम्म देखिने डन्डिफोरलाई सामान्य मानिन्छ । तर २५ वर्ष कटिसक्दा पनि डन्डिफोर आइरहेको छ भने त्यसलाई सामान्य मानिँदैन । त्यो भनेको एडल्ट हर्मोन हो । एडल्टमा देखिने डन्डिफोरलाई ‘हर्मोनल पिम्पल’ भनिन्छ ।

केही व्यक्तिलाई डन्डिफोर धेरै आउने र त्यसमा रौँ पनि उम्रिने हुन्छ । यस्ता व्यक्तिहरूलाई महिनावारीमा पनि समस्या हुन्छ । कतिपय व्यक्तिले विभिन्न रोगको औषधीहरू खाइरहेका हुन्छन् जसले डन्डिफोर बढ्नमा मद्दत गर्छ । २५ वर्ष कटिसकेपछि आउने डन्डिफोरलाई छिप्पिइसकेको डन्डिफोर भनिन्छ जसको लागि विशेष प्रकारको उपचार गर्नुपर्ने हुन्छ ।

महिनावारी हुँदा वा हुनुभन्दा अघि र पछि किन बढी डन्डिफोर देखिन्छ ?

डन्डिफोरको सम्बन्ध हर्मोनसँग छ । पुरुषहरूको हर्मोनको लेभल वर्षभरि एउटै लेभलमा हुन्छ तर महिलाहरूमा महिनावारीले गर्दा प्रत्येक महिनामा घटबढ भइरहन्छ जसले गर्दा महिनावारी हुँदा वा हुनुभन्दा अघि र पछि डन्डिफोर बढ्छ ।

डन्डिफोर पनि कुनै दुख्ने र कुनै नदुख्ने हुन्छ नि !

जुन डन्डिफोर रातो छैन, सेतो वा कालो देखिन्छ भने त्यसलाई ‘कोमिडोनल पिम्पल’ भनिन्छ । त्यस्तो डन्डिफोर दुख्दैन । तर रातो ‘ईन्फ्लामेटरी पिम्पल’ छ भने त्यो चाहिँ दुख्छ । दुख्ने खालको पिम्पलले दाग र खत छोड्छ । त्यसैले रातो खालको डन्डिफोर छ भने तुरुन्तै डाक्टरसँग परामर्श लिनु राम्रो हुन्छ ।

डन्डिफोर बढेर घाउ हुने वा शरीरमा सङ्क्रमण फैलने डर चाहिँ हुन्छ कि हुँदैन?

डन्डिफोर आफैँमा रोग होइन । शरीरको वृद्धि विकास राम्ररी भइरहेको छ भने डन्डिफोर आउँछ नै । डन्डिफोरलाई केयर गरियो भने दाग बस्ने, दुख्ने वा पोल्ने हुँदैन । डन्डिफोरलाई कोट्याउने, खिल निकाल्ने गर्नुभयो भने चाहिँ दुख्ने, पोल्ने र पिलो आउने सम्भावना हुन्छ । डन्डिफोर आउने बित्तिकै हामी आत्तिनु हुँदैन । औषधिको सेवनले रातो खालको डन्डिफोर पनि निको हुन्छ ।

पिम्पल फुटाउने वा कोट्याउनु कति उपयुक्त हुन्छ ?

कतिपय मानिसहरूले आफ्नो डन्डिफोर त फुटाउँछन् अरूको पनि फुटाउने बानी हुन्छ, जुन साधारण होइन । डन्डिफोरलाई कोट्याउनु भनेको एक किसिमको मानसिक रोग नै हो । आफ्नै शरीरलाई घाउ बनाउनु हुँदैन । पिम्पल फुटाउने वा कोट्याउने गर्नुभयो भने यसले खत बस्छ । त्यो खत सधैँका लागि बस्छ र त्यसको उपचार गर्न हजारौँ रुपैयाँ खर्च हुन्छ ।

यसको घरेलु उपचार पनि छ ?

पिम्पललाई फेसवासले उपचार गर्नुपर्छ भन्ने हाम्रो बुझाई छ । तर वास्तवमा फेसवासले मुख धुँदा डन्डिफोर झन् बढ्छ ।

डन्डिफोर आउने व्यक्तिले छालाको स्याहारको बारेमा बुझ्नुपर्छ । अनुहारको ख्याल राख्न सिक्नु पर्छ । अनुहारको केयर गर्नलाई सुतेर उठ्ने बित्तिकै सफा पानीले मुख धुने, यदि फेसवास प्रयोग गर्नु नै छ भने ‘माइल्ड क्लिन्जर’ वा ‘बेबी स्याम्पु’ प्रयोग गर्ने, मुख धोएर तुरुन्तै मोइस्चराइजर लगाउने, आफूलाई मिल्ने र मौसम अनुसारको सनस्क्रिन लगाउने र चिकित्सकको सल्लाह अनुसार डन्डिफोरको उपचार गर्नुपर्छ । डन्डिफोर साबुन, फेसवास, क्लिनजरले निको हुँदैन । बरु यस्तो बेला सामान्य पानीले मात्र मुख धुँदा राम्रो हुन्छ ।

## श्रमिक . . .

नेपालबाट मानिसहरू सकेसम्म विदेश जान र उतै बस्न खोज्ने प्रवृत्तिको एउटा कारण रोजगारीको अवसर हो, तर यो मात्र सम्पूर्ण कारण होइन । मानिसहरू र विशेषगरी युवा वर्ग किन विदेश जान खोजिरहेको छ भनेर बुझ्न गम्भीर अध्ययन-अनुसन्धानको आवश्यकता छ । व्यवस्थित अध्ययन-अनुसन्धान विना गरिने तर्क अनुमान मात्र हुन् ।

मेरो अनुमान के हो भने सूचना-प्रविधि र त्यसमा पनि सोसल मिडियाबाट बाहिरी विश्वसँग जोडिएको युवा वर्गले नेपालको गौरव गर्न लायक विशिष्टता देख्न छोडेको छ । अहिलेसम्म जे-जस्ता मानकले नेपाल र यो देशको नागरिक हुनुको अर्थ जोगाएर राखेका थिए ती मानकले सान्दर्भिकता गुमाउन थाले । देश र सार्वभौमिकतामा विश्वास गर्नेहरूका लागि यो ठूलो चिन्ताको विषय हो ।

व्यक्तिगत रूपमा म राष्ट्र, राष्ट्रियता, सीमाना, झन्डा आदित्यादिमा विश्वास गर्दिनँ । तर, ‘नेपाल देश राम्रो हो र नेपाली हुनु गर्वको कुरा हो’ भन्ने बुझाइमा जो मानिसहरू रमाइरहेका थिए उनीहरूमा आज देशप्रतिको वितृष्णा किन बढेको छ ? यो प्रश्नमा राष्ट्र बनाउने र चलाउने जिम्मेवारीमा रमाउनेहरूले गम्भीर भएर सोचेको राम्रो ।

आज जसरी मानिसहरू देशमा बस्न अनिच्छुक भएर विदेश हिँडिरहेका छन् त्यसमा व्यक्ति वा उसको बुझाइ वा प्राथमिकतालाई दोष दिनु गलत हो । समस्याको जड राज्य र यसको तौरतरिका हो र समाधान खोज्ने जिम्मेवारी पनि उसकै ।

हुन सक्छ यसका कतिपय कारण नेपालका विशिष्ट नभएर विश्वव्यापी प्रवृत्ति हुन्, तर मलाई लाग्छ नेपाली राज्यको साँघुरो, असमावेशी, अव्यावसायिक र अक्षम ढाँचा, तौरतरिका र मानसिकता आजको प्रतिस्पर्धात्मक विश्व परिवेशमा ‘फिट’ छैनन् । नेपाली राज्य सबै नागरिकलाई समान अवसर, सम्मान र सुरक्षा दिन असफल भएको छ ।

यसै कारण आज नेपाल राज्य अधोगतिमा छ । यसको समाधान टालटुले गफ होइन आमूल सुधार मात्र हो । अनलाईनखबरबाट साभार

“हाम्रो प्रतिबद्धता, दुधमा शुद्धता”
गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थ सेवन गरी स्वस्थ रहौं ।
सिन्धुली डेरी उद्योग प्रा.लि.
क.न.पा.-६, कृषि उपज बजार, सिन्धुली

बलराम अधिकारी
संचालक
०४७-५२०४५७
९८४४०८०३३५
यहाँ दुध, दही, घ्यु, पनिर, खुवा, छुर्पी, पेडा, पुष्टकारी, नौनी, क्रिम, मोही लगायत दुग्धजन्य पदार्थ पाउनुको साथै पशु आहार तथा औषधी र डेरी सम्बन्धी विभिन्न यन्त्र उपकरणहरु पाईन्छ ।
www.sindhulidairy.mail@gmail.com

# तीन दशकमा भित्रियो डेढ खर्ब विदेशी लगानी

काठमाडौं, १५ पुस / मुलुकमा तीन दशकको अवधिमा डेढ खर्बभन्दा बढी रकम बराबरको प्रत्यक्ष विदेशी लगानी (एफडिआई) भित्रिएको छ ।

लगानी गर्ने भनेर प्रतिबद्धता गरेको रकममध्ये एक चौथाइ रकम भित्रिएको तथ्याङ्कले देखाएको छ। सरकारले खुला अर्थनीति अवलम्बन गरेसँगै मुलुकमा हालसम्म एक खर्ब ५८ अर्ब ६० करोड रुपियाँ बराबरको प्रतित्यक्ष विदेशी लगानी भित्रिएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कले देखाएको छ।

सुरुदेखि हालसम्म चार खर्ब ७० अर्ब ५७ करोड ९४ लाख ९९ हजार रुपियाँ बराबरको प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता आएकामा डेढ खर्ब रुपियाँभन्दा बढी विदेशी लगानी भित्रिएको हो।

देशमा लगानी गर्ने भनेर बर्सेनि प्रतिबद्धता रकम बढ्दै गए पनि सो अनुपातमा लगानी भने भित्रिन सकेको छैन। विदेशी लगानीसम्बन्धी नीतिनियम समसामयिक परिवर्तन नहुनु, संस्थागत संरचना चुस्तदुरुस्त र झन्झटिलो प्रशासनिक काम, पूर्वाधारको कमी, अस्थिर राजनीतिलगायतका कारण प्रतिबद्धता अनुसार लगानी भित्रिन नसकेको हो।

उद्योगमा लगानी वृद्धि गरेर अर्थतन्त्रमा योगदान पुऱ्याउन प्रत्यक्ष वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण कार्यलाई प्रोत्साहन गर्ने सरकारको नीति भए पनि अपेक्षित वैदेशिक लगानी भित्र्याउन नसकेको महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख छ। पूर्वसचिव कृष्ण ज्ञवालीले नीतिगत समस्या र राजनीति अस्थिरता झन्झटिलो प्रशासनिक प्रक्रियाले पनि अपेक्षा अनुसार लगानी भित्रिन नसकेको बताए।




लगानीकर्तालाई आकर्षण गर्न लगानीयोग्य वातावरण सिर्जना गर्नु पर्छ, लगानी सम्मेलनमा गरेको प्रतिबद्धता अनुसार व्यवहारमा लगानी किन आएन भनेर अध्ययन गर्नुपर्ने उनको भनाइ छ। उद्योग विभागका महानिर्देशक बाबुराम गौतमले नीतिगत सुधारका कारण मुलुकमा भित्रिने विदेशी लगानीमा सुधार आएको जानकारी दिए।

सरकारले विदेशी लगानीलाई सहजीकरण गर्न गत वर्षको मङ्सिरदेखि विदेशी लगानीको न्यूनतम सीमा पाँच करोड रुपियाँबाट घटाएर दुई करोड रुपियाँ बनाएको थियो। नेपालमा विदेशी लगानी सबैभन्दा धेरै पर्यटन, सेवामूलक, उत्पादनमूलक, कृषि तथा वनमा आधारित उद्योग, ऊर्जा, सूचनामूलक, खनिज क्षेत्रमा भित्रिने गर्छ। सबैभन्दा धेरै पर्यटन, सेवामूलक, ऊर्जा र उत्पादनमूलक क्षेत्रमा लगानी भित्रिने गरेको छ।

पाँच महिनामा बिस अर्ब विदेशी लगानी प्रतिबद्धता चालु आर्थिक वर्षको पाँच महिना (साउनदेखि मङ्सिरसम्म)मा १९९ वटा उद्योगमा विदेशी लगानी स्वीकृत भएको छ। ती उद्योगले २० अर्ब ६० करोड रुपियाँ लगानी प्रतिबद्धता जनाएका छन्। यी उद्योगबाट १० हजार १२० रोजगारी सिर्जना हुने अनुमान गरिएको छ।

मङ्सिर महिनामा २१ वटा उद्योगका लागि दुई अर्ब २५ करोड रुपियाँ लगानी प्रतिबद्धता प्राप्त भएको विभागले जनाएको छ। मङ्सिरमा विदेशी लगानी प्रतिबद्धता जनाएका उद्योगबाट एक हजार ३५० रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ।

विभागका अनुसार पाँच महिनामा १८९ साना उद्योगमा १४ अर्ब १६ करोड ९५ लाख १५ हजार रुपियाँ प्रतिबद्धता आएको छ। तीन ठुला उद्योगमा तीन अर्ब ६६ करोड ५२ लाख ३३ हजार रुपियाँ प्रतिबद्धता आएको छ।

यस्तै सात मझौला उद्योगमा दुई अर्ब ७७ करोड ५८ लाख ३० हजार रुपियाँ विदेशी लगानी प्रतिबद्धता आएको विभागको तथ्याङ्कले देखाएको छ। गोरखापत्र अनलाईनबाट साभार

## आजको राशीफल

मेष -अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। छर-छिमेकमा असमझदारी बढ्नेछ। उधारोमा व्यापार गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने समय छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। स्वाभिमानका लागि लाभांश छोड्नुपर्ला।

वृष - आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ। लगानीतर्फ लागत बढ्नेछ। कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन्। अरूको मुख ताक्ने बानीले पछि परिनेछ।

मिथुन - मिहिनेत गर्दा कार्यसिद्धिको समय छ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुनेछ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। विशिष्ट व्यक्तिको सहयोग जुट्नाले महत्त्वाकांक्षी काम बन्नेछ।

कर्कट - अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। तत्काल फाइदा नभए पनि पछिका लागि सम्भावना खोजी गर्ने समय छ। आलस्य गर्ने प्रवृत्तिले पनि काममा पछि परिनेछ। कमजोरीका बाबजुद काँधमा जिम्मेवारी थपिनेछ। काम रोकिनाले दोहोर्याएर प्रयत्न गर्नुपर्ला। स्वास्थ्यका लागि आराम लिनुपर्ने अवस्था रहनेछ।

सिंह - पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले पनि समस्या आइपर्ने देखिन्छ। खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन्। काम बिग्रने भयले पनि सताउन सक्छ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

कन्या - परिवारजनको साथले उत्साह जगाउनेछ। विभिन्न सहयोग र उपहार पाइनेछ। सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। कामको चाप र थकाइबाट मुक्त रही विश्राम पाइनेछ। व्यापार बढ्नाले आम्दानी पनि राम्रै हुनेछ।

तुला - मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन्।

वृश्चिक - परिस्थितिसँग सम्झौता गर्नुपर्दा समस्या पर्नेछ। अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ। काममा केही अलमल तथा ढिलासुस्ती हुन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। स्वास्थ्यमा हेलचेक्र्याइँ गर्दा अध्ययनमा समेत बाधा हुनेछ।

धनु - परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्याउनुपर्नेछ। योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउनेछन्। हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला।

मकर - चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला।

कुम्भ - दिन रमाइलो र उत्साहपूर्ण रहनेछ। प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ भने विभिन्न भौतिक साधन जुटाउने अवसर मिल्नेछ। मनग्य धन लाभ हुनाले सोख पूरा गर्न सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

मीन - चिताएको काम बन्नाले नयाँ काम सुरु हुनेछ। सुन्दर पहिरनले व्यक्तित्व निखार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। कीर्तिमानी कामको यश लिने मौका छ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ। व्यापारमा राम्रो फाइदा हुनेछ।

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हायुटार,सिन्धुली

बागमति प्रदेश

## अमिन र सर्भेक्षक करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना।

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१६**

प्रस्तुत बिषयमा यस घ्याङलेख गाउँपालिकाको मिति २०८०।०९।०५ गतेको निर्णय अनुसार भूमिहिन ,दलित,सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन कार्य सम्वन्धमा जग्गा नाप नक्साङ्न गर्नको लागी देहाय बमोजिमको आवश्यक सर्भेक्षक (पाचौं तह),अमिन (चौथो तह)पद करारमा पदपूर्तिका लागी निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिम बिवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१।०८०।०८१ | सर्भेक्षक | स्थानीय सेवाको पाँचौ तह सरह | १(एक) |
| २. | ०२।०८०।०८१ | अमिन | स्थानीय सेवाको चौथो तह सरह | २(दुई) |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) सर्भेक्षक पदको लागी : मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोमेटिक्स विषयमा तीन बर्षे प्रविणता प्रमाण पत्र तह सरह उर्तिण भएको।

ख) अमिन पदको लागी : मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन विषयमा १८ महिने कोर्ष उर्तिण भएको।

ग) उमेर : कम्तिमा पनि १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

२. दरखास्त दिने स्थान : घ्याङलेख गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हायुटार,सिन्धुली।

३. दरखास्त दिने अन्तिम मिति : २०८०।१०।०१ गते

४.आवेदन दस्तुर : रु १०००।-(एक हजार मात्र)

५. छनौट किसिम : प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परिक्षा

६.आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरित्ता

ख)न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र

ग) अनुभव खुल्ने कागजात

घ) ३ प्रति पासपोर्ट साईजको फोटो

७.सेवा सुविधा : नेपाल सरकारले तोके बमोजिम हुनेछ।

८.पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिकाले तोके बमोजिम हुनेछ।

...............

राम कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत

## डिभिजन वन कार्यालयको अनुरोध

वन तथा वन्यजन्तुको चोरी निकासी अपराध हो। यस्तो कार्य गर्ने र गर्न लगाउने दुवै कानुनी रुपमा दण्डित कार्य हो। यस्तो कार्य रोक्नु हामि सबै नागरिकको कर्तव्य हो। यस्ता कार्य गर्ने र गर्न लगाउनेका विषयमा जानकारी गराई वन तथा वन्य जन्तुको संरक्षण गरौं।

डिभिजन वन कार्यालय
मरिण सिन्धुली

TVS
साथ छ हाम्रो, सम्बन्ध सधैं भरीलाई

श्रेष्ठ ट्रेडर्स
क.न.पा. ६, १ नं. बजार, सिन्धुली

सम्पूर्ण मेशिनरी सामग्रीहरू, कृषि मेशिनरी औजार, वाटर पम्प, मिल, जेनेरेटर पाइनुका साथै यसका सम्पूर्ण पार्टसपुर्जा पनि पाइन्छ। मर्मत पनि गरिन्छ।

०४७-५२११४१ / ९८५४०४५९९९



प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmail.com, website : www.pravatsamachar.com, www.esajhanepal.com